निकुञ्जमा वन्यजन्तुको संरक्षणका लागि सोलार पोखरी

शुभाकर विश्वकर्मा/हिटा

नेपालगञ्ज, ११ वैशाख

बाँके राष्ट्रिय निकुञ्जले सोलार पोखरी निर्माण सुरु गरेको छ । निकुञ्जको सीमामा रहेका विभिन्न क्षेत्रमा सोलार पोखरी निर्माण सुरु गरिएको हो । बाघ, चित्तललगायतका वन्यजन्तुको संरक्षणका लागि सोलार पोखरी र घाँसे मैदान निर्माण सुरु गरिएको निकुञ्जले जनाएको छ । करिब ४६ खहरे खोलामा पानी नभएकाले वन्यजन्तुका लागि त्यस्ता पानी पोखरी निर्माण गरिएको बाँके राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत श्यामकुमार शाहले जानकारी दिनुभयो । 'बिहान वा बेलुकाको समयमा वन्यजन्तु पानी खान तँछाडमछाड गरेको दृश्य देख्न सकिन्छ,' उहाँले भन्नुभयो ।

उहाँले सुक्खा समयमा चुरेको घाँसे मैदान आसपासमा सामान्य पानी रहने र वन्यजन्तुलाई पानीको अभाव हुने भएकाले प्रत्येक वर्ष करिब चार पोखरी निर्माण गर्ने योजनाअनुसार ती पानी पोखरी बनाइएको बताउनुभयो । 'सोलार जडित बोरिङबाट निरन्तर पानी आइरहन्छ र त्यसबाट आहार खाने विभिन्न प्रजातिका वन्यजन्तु पोखरीमा आएर प्यास मेट्छन्,' प्रमुख संरक्षण अधिकृत शाहले भन्नुभयो । निकुञ्जभित्र विभिन्न ठाउँका १० स्थानमा सोलार जडित पोखरी निर्माण भइसकेका छन् ।

यसलाई निकुञ्जको भूगोलअनुसार अझ बढाएर सघनरूपमा ४५० पानी पोखरी निर्माण गर्ने योजना रहेको निकुञ्ज प्रशासनले जनाएको छ । सीमसार क्षेत्रमा पानी भइरहने पोखरी चार स्थानमा रहेका छन् । निकुञ्जभित्र खनेर बनाइएका ८० पोखरी छन्, जहाँ सुक्खायाममा पानी हुँदैन जसका कारण वन्यजन्तुलाई पानीको अभाव हुने गर्छ ।

कतिपय ठाउँमा ३० मिटरमा पनि पानी आएको छ भने कतिपय ठाउँमा ६० मिटरमा पनि पानी नआएको उल्लेख गर्दै अधिकृत शाहले सोलार जडित पोखरी निर्माणका लागि १० लाख खर्च हुने जानकारी दिनुभयो । शाहले पोखरी निर्माणसँगै वन्यजन्तुको आहारका लागि घाँसे मैदानसमेत बनाउँदै जाने जानकारी दिँदै वन्यजन्तुको संख्या, प्रकार र विविधतालाई संरक्षण गर्ने योजनाअनुसारका काम भइरहेको बताउनुभयो ।

निकुञ्जभित्र प्रत्येक दुई किलोमिटरको ग्रिडभित्र बाघको अनुगमन र गणना गर्ने काम भएको छ । प्रत्येक ग्रिडमा एउटा पानी पोखरी, घाँसे मैदानको संयोजन गर्न सके वन्यजन्तुलाई लुक्ने स्थानको समेत विकास भएपछि वन्यजन्तु ग्रिड बाहिर जान नरुचाउने र उसमा कुनै विचलन नआउने उहाँले बताउनुभयो । निकुञ्जभित्र घाँसे मैदान २० स्थानमा रहेका छन् । बाघलगायतका वन्यजन्तुको संरक्षण गर्ने र पर्यापर्यटनलाई जोड्ने विषयलाई प्राथमिकतामा पारेकाले पोखरी निर्माण कार्य बजेटअनुसार बर्सेनि हुने निकुञ्ज प्रशासनले जानकारी दिएको छ ।

डम्पिङ साइडमा सल्किएको आगोबाट निस्किएको धुवाँले सिंगो बस्ती नै दुर्गन्धित

बाबुराम श्रेष्ठ/हिटा । धादिङको नीलकण्ठ नगरपालिका-८ स्थित च्याङुघुम्तीको डम्पिङ साइडमा आगलागी भएपछि उक्त क्षेत्रमा प्रदूषण फैलिएको छ । धुवाँका कारण आसपासका झण्डै एक दर्जनभन्दा बढी बस्ती दुर्गन्धित बनेका छन् । सदरमुकाम धादिङबेसीबाट निस्किएको फोहोर फाल्ने डम्पिङ साइडमा जम्मा भएको फोहोरमा आगो सल्किएपछि निस्किएको धुवाँले बस्ती नै ढाकेको छ ।

नीलकण्ठ नगरपालिका-८ को ससाह, नीलकण्ठ नगरपालिका-७ सुनौलाबजारको मर्स्याङछाप, डमडाँडा, सिद्धलेक-१ को नलाङस्थित कालिदह, नयाँबस्तीमा समेत धुवाँको मुस्लोसहित दुर्गन्ध फैलिएको छ । दुर्गन्धसहित मानव बस्तीमा फैलिएको पिरो धुवाँले स्थानीयहरू बिरामी पर्न थालेका छन् भने आँखा पोल्ने, वाक्वाकी लाग्ने, टाउको दुख्ने, बान्ता हुने जस्ता समस्या देखिन थालेको स्थानीय बासिन्दाहरूको भनाइ छ । डम्पिङ साइडसँगै जोडिएको धादिङबेसी मलेखु सडकमा सहजै हिँड्न नसक्ने ससाह ज्यामिरेका स्थानीय अर्जुन श्रेष्ठले बताउनुभयो ।

करारनामा सम्झौता भङ्ग भएको सूचना

नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय कार्यसमिति काठमाडौं र तत्कालिन ललितपुर उपमहानगरपालिका वडा नं. २ ललितपुरमा रहेको रिकेश अटो सेन्टर प्रा.लि. विच संगठनको नाममा दर्ता कायम रहेको काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३२ को कि.नं. १५५ को ०-८-०-० जग्गा भाडामा लिनेदिने गरी मिति २०७३/०६/१० गते करारनामा सम्झौता भएकोमा उक्त करारनामा सम्झौता को दफा ९ बमोजिम दोश्रो पक्षले वार्षिक स्वीकृत रकम अग्रिम रुपमा संगठनलाई नगदै भुक्तानी गर्नु पर्नेछ भन्ने उल्लेख भएकोमा सम्झौता बमोजिमको रकम मिति २०७५/०६/११ गतेबाट दोश्रो पक्षले नबुझाएको हुदा सम्झौता बमोजिमको जग्गा बहाल रकम बुझाउन पटक पटक ताकेता गर्दा समेत रकम नबुझाएको तथा सम्पर्कमा समेत नआएको कारण मिति २०७३/०६/१० गतेको करारनामा सम्झौता दोश्रो पक्षले पालना नगरी उलंघन गरेको हुदा संगठन केन्द्रीय कार्यसमितिको मिति २०७९/११/१९-२० गतेको बैठकको निर्णय अनुसार दोश्रो पक्षले जग्गा भाडा वापत बझाउनु पर्ने बाँकी रकम असुल उपर गर्ने गरि यस संगठन र रिकेश अटो सेन्टर प्रा.लि. बिच भएको मिति २०७३/०६/१० गतेको करारनामा सम्झौता भंग भएको व्यहोरा सुचित गरिन्छ ।

महासचिव
नेपाल निजामती कर्मचारी संगठन
केन्द्रीय कार्यसमिति

UAE मा रोजगार

कम्पनी : EMIRATES GATEWAY SECURITY SERVICES LLC
शहर: ABU DHABI

पूर्व स्वीकृत मितिः २०७९/०२/२६ चलानी नं.: ६०१८०५०३ LT. No.: 264121 पुनः विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		AED	ने. रु.							
1.	Security Guard	21	5	स. काममा दक्ष	2000	७१,३६०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख १९ गते (2 May 2023) मा हुनेछ ।

नोट: + 2 Pass र सिभिल सेक्युरिटीहरुले सम्पर्क गर्नुहोला ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	बिमा हुने/प्रिमियम रोजगारदाताले	रोजगारदाताले दिने	रोजगारदाताले व्यहोने	रोजगारदाताले व्यहोर्ने	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	नि:शुल्क

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

सिल्भर कर्नर इन्टरनेशनल प्रा. लि.

एकता टोल, सिनामंगल-९, काठमाडौं, श्रम इजाजत नं.: १११६/०७३/०७४, फोन: ०१-४५९१४६९,४५८९९५०
Email: silvercornernepal@gmail.com, Web.: silvercornerinternational.com

श्री स्वप्नशील बचत तथा ऋण सहकारी संस्था लि. को तपशिलमा उल्लेखित ऋणी सदस्यहरुलाई धितो लिलाम सम्बन्धी ७ दिने जरुरी सुचना

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले विभिन्न प्रयोजनको लागि उपयोग गर्नु भएको कर्जा तिर्ने बुझाउने सम्बन्धमा यस संस्थाबाट पटक पटक मैखिक तथा लिखित रुपमा ताकेता गरीएको एवं राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशित गर्दा पनि आलटाल गरि बेवास्ता गरि यस संस्थालाई बुझाउनु पर्ने कर्जा नबुझाई, कर्जा तथा सहकारी सुविधा सम्बन्धि शर्त बन्देज उल्लंघन गरेकोले यस सहकारीको नाममा धितोबन्धक लेखिदिएको तपसिलको सम्पत्ति जहाँ जे अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम गर्नको लागी यो ७ दिने सुचना प्रकाशित गरिएको छ। उल्लेखित मिति भित्र रकम दाखिला हुनु नआएमा कर्जा उपयोग गर्ने क्रममा यस संस्थालाई लेखाई दिएको कर्जा तमसुक शर्त कबुलियत नामा तथा सहकारी ऐन २०७४ मा भएको व्यवस्था बमोजिम वा प्रचलित कानुन बमोजिम लिलामी प्रकृया बाट संस्थाको सावाँ ब्याज तथा अन्य दस्तुर असुल उपर गरिने व्यहोरा यसैद्वारा जानकारी गराउँछौ । साथै व्यक्तिगत जमानी दिनु हुने व्यक्तिहरुलाई समेत यसै सुचना बाट सुचित गरिन्छ ।

तपसिल

ऋणीको नाम थर ठेगाना	ऋणीको नाम थर ठेगाना
नाम : **अनिल छ्वाजु** **ना.प्र.नं** : **७९६७** **बुवा** : विकु बहादुर छ्वाजु **बाजे** : पुन कुमार छ्वाजु **ठेगाना** : भ.पु.जि.भ.न.पा.वडा नं. २	**नाम** : **तुल्सी नन्द मिश्र** **ना.प्र.नं** : **१९३०३७।२३६** **बुवा** : राम चन्द्र मिश्र **बाजे** : श्याम सुन्दर मिश्र **ठेगाना** : सर्लाही जिल्ला ब्रहमपुरी गा.वि.स.वडा नं.३

श्री स्वप्नशील बचत तथा ऋण सहकारी संस्था लि.
Shree Swopnashil Saving & Credit Co-operative Ltd.
वाराहीस्थान-१६, भक्तपुर, फोन नं : ०१-६६१८५८८/६६१५१९९

साथीले बोकेको बन्दुक पड्कँदा एकजनाको मृत्यु

नुवाकोट/हिटा । आफ्नै साथीले बोकेको बन्दुक पड्कँदा एकजनाको मृत्यु भएको छ । नुवाकोटको किम्ताङ जंगलमा आफ्नै साथीले बोकेको भरुवा बन्दुक पड्केर २६ वर्षीय पञ्च घलेको मृत्यु भएको हो । प्रहरी नायब उपरीक्षक खन्द्रबहादुर खड्काका अनुसार म्यागङ गाउँपालिका-४ किम्ताङस्थित होङभङको जंगलमा भरुवा बन्दुकको छर्रा लागेका घलेको मृत्यु भएको हो । उहाँका अनुसार किम्ताङको जंगलमा शिकार खेल्न जंगल गएका बेला अमित तामाङले बोकेको बन्दुकको छर्रा लागेर पञ्च घलेको मृत्यु भएको प्रारम्भिक अनुसन्धानमा खुलेको छ ।

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय, झापा
भद्रपुर, कोशी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

प्रकाशित मितिः २०८०/०१/१२

यस कार्यालयबाट मिति २०७९/११/२६ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार तपशिल बमोजिमको निर्माण कार्यको लागि विद्युतीय खरिद प्रणाली (E-Bidding) मार्फत पेश हुन आएका बोलपत्रहरु मध्ये देहाय बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

ठेक्का नं	आयोजनाको नाम र ठेगाना	छनौट गरिएको फर्मको नाम र ठेगाना	कबोल अङ्क (भ्याट सहित)
IDO-JHP/W/NCB/MR-27/079-80)	Bhattarai Dhara Darnalko Ghar Swastha Chauki Samma Sadak Nirman, Jhapa	Nima Sherpa Nirman Sewa, Suryodaya-01 Ilam	22,67,882.26
IDO-JHP/W/NCB/MR-28/079-80)	Upgrading of Phikkal Gumbapath Aarobote Jogmai Khola Maijogmai Ga.pa. Namsaling Ilam Road, Ilam.	Saino Chino Construction, Panchthar Phaktep	32,05,173.21

कार्यालय प्रमुख

Chhayanatah Rara Municipality
Office of The Municipal Executive
Gamgadhi, Mugu

Invitation for E-Bids

Date of publication : 2080-01-12

1. **Chhayanath Rara Municipality** invites electronic bids form Nepalese bidders for the construction of following project in **Chhayanath Rara Municipality**, Mugu Under National Comperative Bidding procedure. The name and identification of the contract are as follows.

S.N.	Description of work	Contract Identification No	Estimated Cost (With VAT)	Cost Of Bidding Document (NRS).	Bid Security Amount Nrs.	Last date of Submission of Bids.	Bid Opening date
1	Supply & Delivery Solar Set	MUGU/CRM/GOODS/SQ-03/2079-080	16,30,705.00	1000.00	40,800.00	2080/01/27 12:00 PM	2080/01/27 2:00 PM
2	The Procurement of Supply and Delivery of Desktop Computer, Laptop, Prienter, Scanner and Smart Board.	CRM/NCB/GOODS/01/2079-080	6509941.3	3000.00	163000.00	2080/02/11 12:00 PM	2080/02/11 2:00 PM
3	The Procurement of Supply and Delivery of Solar and Inverters.	CRM/NCB/GOODS/03/2079-080	3750000.0	3000.00	94000.00	2080/02/11 12:00 PM	2080/02/11 2:00 PM

2. For more information please visit PPMO e-GP System www.bolpatra.gov.np/egp or contact Chayanath Rara Municipality, Office, Mugu, Phone : 087-460253

EK NEPAL
एक Click
एक नेपाल
सबै खबर एकै साथ
16:23
Land Calculator
Ropani
1
Aana
16.00
Paisa
64.00
Daam
256.00
Bigha
0.08
Kattha
266.20
Dhur
30.05
Sq. Feet ()
5476.00
Sq. Meter
508.72
* Just enter a value and it automatically set all the equaled value on it.
Google play
App Store
मूलधारका छापा, रेडियो टी.भी. र अनलाइनको अब एउटै स्वरूप
खबरको विश्वसनीयता...विस्तृत खबर...र खबरको विस्तारित प्रारम्भ ।